# भिडियो निर्देशनमार्फत नेपाली गीत संगीतलाई चिनाउने अवसर पाएको छु : आदित्य बुढाथोकी

नेपाल म्युजिक भिडियो निर्देशमा अब्बल रुपमा आफूलाई प्रस्तुत गर्दै आउनुभएको नाम हो आदित्य बुढाथोकी । सफल म्युजिक भिडियो निर्देशकका रुपमा उहाँ परिचित हुनुहुन्छ यो क्षेत्रमा । अभिनय विधाबाट कलाक्षेत्रमा होमिनुभएका बुढाथोकीले 'थोरै भए पुगी सरी', 'तिमी तिमी पुरुष', 'आन्दोलन' लगायत आधा दर्जन टेलिसिरियल, 'हे युवा', 'तिमी मेरो म तिम्रो', 'नेपथ्य' जस्ता चलचित्रमा अभिनय गर्नुभएको छ । तर अभिनयमा भन्दा उहाँले म्युजिक भिडियो निर्देशनमा आफ्नो उचाई अग्ल्याउनु भएको छ । वि.सं. २०६१ सालबाट म्युजिक भिडियो निर्देशन यात्रा शुरु गर्नुभएका उहाँले त्यसयता थुप्रै लोकप्रिय म्युजिक भिडियो मार्फत दर्शकमाझ आफ्नो अल्लगै छवी बनाउन सफल हुनुभएको छ । बुढाथोकीले 'नबोले नि हाँसिदेऊ न', 'सम्झनाको पानामा लेख', 'झरी', 'पूर्णिमाको रात मेरो', 'कान्छीको, बिसौनीमा साथीको रुमाल', 'माया गर्ने मान्छेको', 'दुगामुडा', 'ए सानु', 'फुर्के जुगा' लगायत डेढ सय जति म्युजिक भिडियो निर्देशन गर्नुभएको छ । बुढाथोकीले 'समय कथा', 'उनकी छोरी तरुनी हामीलाई के को दोष ?', 'कल अफ ड्युटी' जस्ता टेलिफिल्मसमेत निर्देशन गर्नुभएको छ । बुढाथोकी मलेसियामा सम्पन्न भएको तेस्रो नेपाल टेलिकम नेपाली म्युजिक भिडियो अवार्ड २०१८ तथा नेपालमा भएका सगरमाथा म्युजिक अवार्ड २०१८, स्पर्श म्युजिक भिडियो अवार्ड २०२०, द हिमालयन इन्टरनेसनल अवार्ड २०२१, नाट्येश्वरी कला सम्मान २०७५, बक्स अफिस म्युजिक भिडियो सम्मान २०७५, नेपाल आमा रत्न सम्मान २०७५ जस्ता थुप्रै अवार्ड, सम्मान र पुरस्कारबाट विभुषित हुनुहुन्छ । अभिनयबाट कला क्षेत्रको करिअर सुरु गरेर म्युजिक भिडियोमा उत्कृष्टा प्रदान गरिरहनु भएका आदित्य बुढाथोकीसँग हिमालय टाइम्सका लागि कृष्ण भुसालले गर्नुभएको कुराकानीको संक्षिप्त अंश:-

**यहाँको व्यस्तता कस्तो छ ?**

म प्रायः व्यस्त नै छु । म्युजिक भिडियो ...माणको काम जारी नै छ । अरु कामको ...भाव छैन ।


**आफ्ना भिडियोमा तपाईंजस्ता कलाकार ...लाउनुहुन्छ ?**

...कलाकारलाई न्याय गर्न सक्ने ...कलाकार नै मेरो प्राथमिकता हो । नयाँ ...कलाकारलाई पनि काम गर्ने मौका म ...दिइरहेको नै रहन्छु । नयाँ कलाकारको नयाँ ... हुन्छ । उनीहरूबाट ...नयाँ कुरा सिक्न चाहन्छु ।

> मैले निर्देशनलाई व्यावसायिक रुपमा अंगालेको छु । म यो क्षेत्रभन्दा बाहिर गएर सोच्न सक्दिनँ । जे गर्छु यस क्षेत्रमा गर्छु भन्ने प्रण गरेको छु ।

**कला क्षेत्रमा अभिनयबाट यात्रा सुरु ...भयो होइन ?**

...मैले कलायात्राको शुरुवात अभिनयबाट ... तर मलाई अभिनय भन्दा पनि निर्देशनमा ...राम्रो गर्न सक्छु भन्ने लाग्यो । म अहिले



पनि क्रियटिभ काम गर्न चाहन्थें । अभिनय पनि क्रियटिभ काम हो । तर, अभिनय गर्नु भनेको अरुको क्रियसनमा काम गर्नु हो । निर्देशनचाहिँ आफ्नै क्रियसन देखाउने ठाउँ हो । त्यसैले, निर्देशन विधाप्रति धेरै आकर्षित भएँ । निर्देशनमा मेरो क्रिएसन र कामलाई मन पराएको देख्दा सही समयमा सही डिसिजन गरेछु भन्ने लाग्छ यतिबेला ।

**म्युजिक भिडियो निर्देशकमा यहाँले एक खालको उचाइ चुम्न सफल हुनुभएको छ, तपाईं सफल म्युजिक भिडियो निर्देशक हो ?**

मैले निर्देशन गरेका म्युजिक भिडियोले राम्रै चर्चा पाइरहेका छन् । त्यस हिसाबमा सफल नै भन्नुपर्ला । म्युजिक भिडियो निर्देशन गर्ने मात्र भनेर हुँदैन । त्यसमा क्वालिटी दिन सक्नुपर्छ । म यस मानेमा आफूलाई भाग्यमानी निर्देशक ठान्छु कि मेरो काम मन पराइदिनुभएको छ, स्तरीय मानिदिनुभएको छ र कमाइ पनि राम्रै भएको छ ।

**कोरोना कालमा म्युजिक भिडियोको बाढी जसरी आयो नि ?**

हो, केही आइरहेका छन् । यसको कारण कोरोना महामारीका बेला धेरै कम बने । तर, म्युजिक भिडियो निरन्तर बनी नै रह्यो । त्यसैले, कोरोना काल सकिएपछि म्युजिक भिडियो क्षेत्रले त्योभन्दा अझ राम्रो पिकअप लिन्छ भन्ने मलाई लाग्छ ।

**म्युजिक भिडियो निर्देशन क्षेत्रका चुनौती के-के हुन् ?**

कुनै कुनै म्युजिक भिडियो केही कारणले एक दिनमै सक्नुपर्ने हुन्छ । चलेका कलाकारको समय अभाव हुन्छ । यसो हुँदा राम्रा गीत पनि छायाँमा पर्न सक्छ । यसका बावजुद गतिलो र उत्कृष्ट भिडियो बनाउने कार्य ज्यादै चुनौतीपूर्ण हुन्छ । जसलाई मैले वर्षौंदेखि अंगिकार गर्दै आएको छु । मैले गरेका कतिपय भिडियो विभिन्न कारणले एकै दिनमा सुटिङ सकेर एक हप्ताभित्रै रिलिज गर्नु पनि परेको छ । त्यो कुरा मलाई र मेरो टिमलाई थाहा हुन्छ । तर, कामको हिसाबले तपाईं कतै कम्प्रोमाइमज भएको पाउनुहुन्न । म लामो समयदेखि यही क्षेत्रमा सक्रिय भएर लागेको छु । धेरै आरोह अवरोहपछि ठूलो संघर्ष गरेर यहाँसम्म आइपुगेको छु । त्यसैले, राम्रा राम्रा गीतको म्युजिक भिडियो बनाउने काम गर्ने अवसर पनि मिलिरहेको छ । निर्देशनमार्फत नेपाली गीत संगीतलाई चिनाउने अवसर पाएको छु ।

**तपाईंले निर्देशन गर्ने म्युजिक भिडियोका विशेषता के हुन् ?**

म विशेषगरी कट टु कट भन्दा पनि स्टोरी र कन्सेप्टमा काम गर्न रुचाउँछु । मेरा प्रायः म्युजिक भिडियोमा दुई घण्टाको फिल्मले भन्ने स्टोरी हुने गर्छ । जसलाई मन पराईदै आएका छन् । म कुनै पनि गीत तथा शब्दलाई सुनेर त्यसलाई कथात्मक रुपमा दृश्यमा उतार्ने गर्छु । कथात्मक भिडियोमा नयाँपन दिन्छु । जुन दर्शकले मनपराउन सकुन् ।



**कतिको प्रतिष्पर्धा छ ?**

प्रतिष्पर्धा आफूले आफैंसँग गर्ने हो । नयाँ नयाँ निर्देशकहरू आइरहनुभएको छ । यो राम्रो कुरा पनि हो । हामी आफ्नो काम गरिरहेका छौं । त्यसकारण प्रतिष्पर्धा भन्ने छैन ।

**तपाईंले पाउनुभएको उपलब्धि ?**

मेरा क्रियशनलाई रुचाइएको छ । मैले बनाएका भिडियोलाई दर्शकले मनपराउनुभएको छ । स्रष्टाहरूले पनि सही मूल्यांकन गरिदिनुभएको छ । त्यो नै मेरो लागि उपलब्धि र सम्पत्ति हो ।

**तपाईंलाई निर्देशक लिनुपर्ने कारण ?**

म आफूले पाएको काम जिम्मेवारीपूर्वक पूरा गर्छु । त्यसमा पूर्णरुपमा लगनशिलता देखाउँछु । यहीकारण स्रष्टाहरू मसँग काम गर्न लालयित छन् ।

**निर्देशन तपाईंको व्यवसाय कि शौख ?**

मैले निर्देशनलाई व्यावसायिक रुपमा अँगालेको छु । म यो क्षेत्रभन्दा बाहिर गएर सोच्न सक्दिन । जे गर्छु, यही क्षेत्रमा गर्छु भन्ने प्रण गरेको छु । मलाई के लाग्छ भने मैले निर्देशन गरेका मैले काम गरेका म्युजिक भिडियोले राम्रै नाफा पाएका छन् । अहिलेसम्म प्रदर्शित सबै म्युजिक भिडियो राम्रै नाफा पाएका छन् । चलचित्र निर्देशनका लागि अफर आइरहन्छन्, तर कथावस्तु, 'गाइबसन प्लान' चित्त नबुझेसम्म, मनले नछोएसम्म स्वीकार्ने गरेको छैन मैले । मेरो सिर्जनामार्फत दर्शकलाई मनोरञ्जन र केही सन्देश दिन चाहन्छु ।

---


नेपाल सरकार

**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**जलस्रोत तथा सिंचाई विभाग**

**जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालय नं.-५**

बुटवल, रुपन्देही

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७८।१०।१२)

...कार्यालयको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न योजनाहरुको ...ाण कार्य इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायीबाट गराउनु पर्ने भएको हुदा शिलबन्दी बोलपत्र ...वानको सूचना प्रकाशन गरिएको छ । इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायीहरुले कम्पनीदर्ताको ...ण पत्र, आयकर दर्ता प्रमाणपत्र र आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गरी प्रचलित नियमानुसार ...ना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजे सम्म पेश गर्न आह्वान गरिन्छ । यो ...नाको विस्तृत विवरण PPMO को वेबसाइट www.bolpatra.gov.np/egp मा र यस कार्यालयको ...ना पाटीमा समेत टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ ।

...र्क नं. ०७१-४२०४९७

कार्यालय प्रमुख

---

नेपाल सरकार

**सहरी विकास मन्त्रालय**

**सहरी विकास तथा भवन निर्माण विभाग**

**संघीय आयोजना कार्यान्वयन इकाई**

मोरङ, विराटनगर

## आशयपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८।१०।१२

सूचना नं.- १७/२०७८/०७९

...तपसिल बमोजिमका निर्माण कार्यका लागि मिति २०७८।०८।२९ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौको web Portal www.bolpatra.gov.np/egp ...बाट दर्ता भएका सम्पूर्ण बोलपत्रहरुमध्ये तपसिलको बोलपत्रदाताहरुको प्रस्ताव न्यून मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ...हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको ...सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम | न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| ... Morang ...ks NCB ...78/79 | Construction of various roads and drains in Inaruwa 8, Ramdhuni 5, 7, bhokraha 4 and Barahkshetra 2, Sunsari. | Alisha Nirman Sewa, Paschim kushaha 1, Sunsari | 1,02,08,082.90 |
| ... Morang ...ks NCB ...78/79 | Construction of various road and drain in Dharan 6 & 8, Sunsari. | Durga Nirman Sewa, Rangeli, Morang | 79,67,060.92 |
| ... Morang ...ks NCB ...78/79 | Construction of Various Road & Drain in Itahari-5 & 9 Sunsari. | Morang Construction, Godawari, Lalitpur | 77,16,013.70 |
| ... Morang ...s NCB ...78/79 | Road Improvement and construction work in Rangeli municipality, Oli Chowk Dohmana Hatiya dugad farm. | Aayush Nirman sewa, Biratnagar 11, Morang. | 1,07,48,892.40 |
| ... Morang ...s NCB ...78/79 | Improvement of Road Rangeli-2 Bateni chowk to north majhi tole. | Nikita and Raj Construction Pvt. Ltd., Paschim Kushaha, Sunsari | 26,05,000.00 |

का. मु. आयोजना प्रमुख

---

**इच्छाकामना गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

कुरिनटार, चितवन

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१०/१२**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु E-Bidding माध्यमबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको E-Bidding माध्यमबाट बिड गर्न यो सूचना आव्हान गरिएको छ ।

**तपसिल**

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egp मार्फत खरिद गर्न सकिनेछ ।

२ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदापरमा सोका भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसार का कार्य हुनेछ ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोबल आइ एम ई बैंक लि. कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोबल आइ.एम.ई. बैक लि. कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं.: GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ । कार्यालय कोड-35-365-19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा मु.अ.क.बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. बोलपत्र दाताहरुले बढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली, २०६४ र प्रचलित कानुन बमोजिम हुनेछन् ।

१२ बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ४०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

१३ राष्ट्रिय मौलिकता झल्काउने मन्दिरहरु,पुरातात्विक मन्दिर राष्ट्रिय पुनर्निमाण आयोगले तोकेको मापदण्ड र नेपालि कालिगढ प्रयोग गरि निर्माण सम्पन्न गरिएको २ देखि ३ वटा मन्दिर निर्माण सम्बन्धि अनुभवको कागजात पेश गर्नुपर्ने ।

१४ प्रि बिड मिटिङ सूचना प्रकाशित भएको मितिले २१ औं दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन बिदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

१५. सम्झौता गरी काम सम्पन्न नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

१६ ठेक्का स्वीकृत भएपछि सम्झौता गरि तोकिएको काम समयसिमा भित्र नसक्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सुचिमा राखिने एवं अर्को २ आ.व. गाउँपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन ।

१७.. कामको विवरण निम्नानुसारको छ ।

| सि नं. | ठे.नं. | कामको विवरण | ल.ई.रकम (मु.अ. कर कन्टिन्जेन्सी वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/19/078/079 | "Construction of Ichchhakamana Temple"-Ward-05. | 76,72,918.60 | 2,70,970.00 | 3000.00 | बोलपत्र |

नि. प्रमुख प्रशासकीय अधिकृत


CS Scanned with CamScanner

१२. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

१३. रास्ट्रिय मौलिकता झल्काउने मन्दिरहरु,पुरातात्विक मन्दिर रास्ट्रिय पुनर्निर्माण आयोगले तोकेको मापदण्ड र नेपालि कालिगढ प्रयोग गरि निर्माण सम्पन्न गरिएको २ देखि ३ वटा मन्दिर निर्माण सम्बन्धि अनुभवको कागजाजँ पेश गर्नुपर्ने।

१४. प्रि बिड मिटिङ सुचना प्रकाशित भएको मिलिले २१ औ दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

१५. संझौता गरी **काम सम्पन्न नगर्ने** फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

१६. ठेक्का स्वीकृत भएपछि, सम्झौता गरि तोकिएको काम समयसिमा भित्र नसक्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को २ आ.व. गाउँपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन।

१७. कामको विवरण निम्नानुसारको छ ।

| सि. नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/19/078/079 | "Construction of Ichchhakamana Temple"-Ward-05. | 76,72,918.60 | 2,70,970.00 | 3000.00 | बोलपत्र |

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

## इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/१०/१२**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु **E-Bidding** माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स,विक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको **E-Bidding** माध्यमवाट बिड गर्न यो सुचना आव्हान गरिएको छ ।

<u>तपसिल</u>

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) <u>www.bolpatra.gov.np/egp</u> मार्फत खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. : GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ ।
कार्यालय कोड-35-365-19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. बोलपत्र दाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम वनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

CS Scanned with CamScanner